आज मिति २०७६।०७।१४ गतेका दिन धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

१. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम का लागि योजना छनौट सम्वन्धमा ।

२. सातौ गाउँसभाको लागि मिति तोक्ने सम्वन्धमा ।

३. बाटो मर्मत तथा सुधारको रकम भुक्तानी सम्वन्धमा ।

४ IEE प्रतिवेदन स्वीकृति सम्वन्धमा ।

५.टेलिकम टावर सञ्चालनका लागि भवन निर्माण सम्वन्धमा ।

६. प्रहरी चौकी मुनाका लागि भवन उपलव्ध गराउने सम्वन्धमा ।

७. सेवा क्षेत्र विस्तार सम्वन्धमा र

८.योजना माग सम्वन्धमा ।

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीको च.नं. १११ मिति २०७६।७।१ को पत्रबाट यस गाउँपालिकाबाट स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम ( सञ्चालन कार्यविधि ) नियमावली, २०७६ बमोजिम आयोजना छनौट गरी पठाउन पत्रचार भएकोमा देहाय बमोजिमका योजना तपशिल बमोजिमको ढाँचामा पठाउने निर्णय गरियो ।

| सि.नं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने वडा नं. टोल | लक्ष्य ईकाई | लागत सहभागिताबाट व्यहोर्ने रकम रू | | | | | लाभान्वित जनसङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रम बाट | स्थानीय तहबाट | गै.स.स वा अन्य | जनसहभागिता | जम्मा | | |
| १ | गुर्जा खगरदेखी चुरेन वेशक्याम्प सम्म पर्यटकिय पदमार्ग निर्माण | वडा नं. १ | | १५ लाख | | | | | ९६४ | |
| २ | विजुली मुहानमा पिलर ढलान र तटवन्धन निर्माण | वडा नं. २ | | १० लाख | | | | | १४८४ | |
| ३ | घट्टेखोलामा कजवे र फलियागाउँको मोटरबाटोमा तटवन्धन | वडा नं. ३ | | १० लाख | | | | | २३४५ | |
| ४ | **मुना-मुदी जोड्ने मोटर बाटो निर्माण** | **वडा नं. ४** | | **५० लाख** | | | | | २५०३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक भवन निर्माण | वडा नं. ५ | | १० लाख | | | | | १२६७ | |
| ६ | मराङ्ग-राम्चे-वुल मोटरवाटो निर्माण | वडानं. ६ | | १० लाख | | | | | १७८७ | |
| ७ | तल्लो पधेरो देखी कुटीचौर सम्म मोटरबाटो स्तरोन्नती | वडा नं. ७ | | १० लाख | | | | | ३७५४ | |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत वर्ष खर्च हुन नसकी बाँकी रहेको अ.ल्या. मौज्दात कोष वाँडफाँडका लागि २०७६ साल मंसिर महिनाको ७ गते गाउँसभा वस्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा वर्षाको समयमा वर्षा तथा पहिरोले अवरुद्ध भएका गाउँपालिका अन्तरगतका कच्ची मोटरबाटो सञ्चालनका लागि पहिरो हटाउने तथा सरसफाई गर्दा लागेको खर्च प्राविधिक लगत स्टीमेट र प्राप्त विल भरपाई बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

कच्ची मोटरबाटो विवरण :

क) मराङ्ग खोलादेखि कुम्री सम्म

ख) दाङखोला देखि मुना सम्म

ग) मुनादेखि मुदी सम्म

घ) मुनादेखि खोरिया सम्म

ङ) ताकम देखि धारापानी सम्म

च) गौंथलीको पहिरो सफा गरेको ३ पटक

छ) फलियागाउँको पहिरो सफा गरेको ३ पटक

ज) मराङ्ग-बेसी -अर्वाङ्ग हुदै छापाछाम सम्म

झ) देउराली लोत्रबाङ्ग बीचको बाटो मर्मत

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका म्याग्दी खोला र मराङ्ग खोला बाट नदीजन्य पदार्थ (ढुगां, गिटि र वालुवा) उत्खनन् गर्ने कार्यका लागि प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन तयार भैसकेकोले स्वीकृतिका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तरगत वडा नं. ४ मा पर्ने बगरको जरमुठी धुरी डाँडाँमा नेपाल टेलिकमको टावर वनाई सञ्चालनमा ल्याउनका लागि सोलार, व्याट्री लगायतका आवश्यक सामाग्री राख्नका लागि भवनको आवश्यकता भएकोले गाउँपालिकाको मौज्दात कोषबाट व्यहोर्ने गरी भवन निर्माणका लागि रु सात लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय न ६

प्रस्ताव न ६ माथि व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिकाको केन्द्र, मुना (ध.गा.पा. वडा नं. ३ ) मा प्रहरी चौकी स्थापना गर्नका लागि चाहिने न्युनतम् आवश्यक कुराहरुको (प्रहरीहरुको वासको लागि घर वा घरभाडा, खाना पकाउनको लागि भाँडाकुडाँ, जग्गा र अन्य आवश्यक कुराहरु ) खर्च तथा व्वस्थापन पहिलो पटकको लागि गाउँपालिकाले व्यहोर्ने/गर्ने गरी प्रहरी चौकी स्थापना गर्ने र सो को जानकारी सम्वन्धित निकायमा गराउने भनी मिति २०७६।७।२ गते निर्णय भएकोमा प्रहरीहरुको वासको लागि वडा नं. ३ फलियागाऊँमा रहेको सामुदायिक भवन ऊपलव्ध गराऊने निर्णय गरियो ।

निर्णय नं. ७.

प्रस्ताव नं. ७ माथि छलफछ गर्दा धवलागिरी गाउँपालिकावासी भारतीय पूर्व सैनिक र पेन्शनभोगी महिलाहरुको पेन्शन भुक्तानी कार्यक्रमको लागि म्याग्दी जिल्ला वेनी नगरपालिका वडा नं. ७ बेनी वजारमा कार्यालय रहेको गोर्खा भूतपूर्व सैनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यक्षेत्र विस्तार र सेवा केन्द्र स्थापनाको लागि गण्डकी प्रदेश सरकार कृषि, सहकारी तथा भुमी व्यवस्था मन्त्रालयमा सिफरिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा सानो काँडा- कल्लेनी - छारी -बाँसवोट-खारा-खाम्ला - खिवाङ्ग - घिम्लेटी- बगर जेल्टुङ्ग-सिमलखर्क-रोईसावा-दोवाङ्खर्क मोटरबाटो निर्माण योजना गण्डकी प्रदेश सरकार , भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालय , पोखरामा माग गर्ने निर्णय गरियो ।